# के अपेक्षा गर्ने: मोबाइल खोप क्लिनिकमा भ्रमण गर्ने ट्रान्सक्रिप्ट

मोबाइल खोप क्लिनिकहरूले कोभिड-19 खोप तपाईं र तपाईंको समुदायमा ल्याउँछन्। यस भिडियोमा तपाईं कुनै मोबाइल खोप क्लिनिकमा जाँदा के अपेक्षा गर्न सक्नुहुन्छ भन्ने कुरा बुझाइएको छ।

तपाईं मोबाइल क्लिनिकमा पुगिसकेपछि तपाईंले खोप लगाउने अपोइन्टमेन्टका लागि अभिवादनकर्तासँग चेकइन गर्नुहुने छ।

*[ग्रिटर] नमस्ते! ठिक छ, म तपाईंलाई आज नाम दर्ता गरिदिने छु। तपाईंको थर के हो?*

यदि तपाईंलाई पहुँचजन्य वा भाषिक समायोजनको आवश्यकता छ भने कृपया उनीहरूलाई बताउनुहोस्। मोबाइल खोप क्लिनिकमा अक्सर सिधै आउनेका लागि खाली स्थान हुन्छ, त्यसैले साथी लिएर आउनुहोस्!

*[ग्रिटर] तपाईं अगाडि बढ्न सक्नुहुन्छ, तपाईं गएर लाइनमा बस्न सक्नुहुन्छ।*

सिधै बस बाहिर वा बसभित्र प्रतीक्षालय क्षेत्रमा आफ्नो पालो पर्खनुहोस्।

आफ्नो खोप लगाउने पालो आएपछि, चिकित्सकसँग कुनै खोप केन्द्रमा बस्नुहोस्। यदि तपाईं अझ थप गोपनीयता चाहनुहुन्छ भने स्क्रीनहरू उपलब्ध छन्।

*[चिकित्सक]के तपाईं मलाई आफ्नो नाम बताउन सक्नुहुन्छ?*

चिकित्सकले तपाईंसँग तपाईंको विवरण रुजु गर्ने छन् र तपाईं खोपका बारेमा आफूलाई जिज्ञासा लागेका कुनै पनि प्रश्न सोध्न सक्नुहुन्छ।

खोप लगाउन चिकित्सकले तपाईंको माथिल्लो पाखुरा खोल्नुपर्ने हुन्छ।

तपाईंले खोप लगाइसकेपछि, तपाईं बसबाट बाहिर निस्कनुहुने छ।

*[कर्मचारी] नमस्ते। पाल्नुभएकोमा धेरै-धेरै धन्यवाद। खोप लगाउनुभएकोमा धेरै-धेरै धन्यवाद। र अब, हामी तपाईंलाई यहाँ यस स्थानमा लगभग 15 मिनेट प्रतीक्षा गर्न आग्रह गर्दछौं।*

तपाईं अवलोकन क्षेत्रमा 15 मिनेटसम्म बस्नुहुने छ। र यदि तपाईंलाई बिसञ्चो महसूस भयो भने के गर्ने भनेर कर्मचारीले बुझाउने छन्। यदि तपाईंलाई बिसञ्चो भयो भने प्रशिक्षित कर्मचारीहरू जस्तै नर्सहरू वा आपतकालीन स्वास्थ्य प्राविधिकहरू केन्द्रमा हुने छन्।

तपाईं 15 मिनेटसम्म बसिसकेपछि, जान सक्नुहुन्छ!

खोप लगाउनुभएकोमा धन्यवाद।

यदि तपाईंसँग कोभिड-19 खोपका बारेमा कुनै प्रश्नहरू छन् भने, तपाईंको स्वास्थ्यसेवा प्रदायकसँग परामर्श गर्नुहोस् वा हाम्रो वेबसाइट हेर्नुहोस्।
https://www.health.state.mn.us/diseases/coronavirus/vaccine/index.html

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

6/17/21 (Nepali)

*यो जानकारी भिन्न ढाँचामा प्राप्त गर्न यो नम्बरमा फोन गर्नुहोस्: 651-201-4989*